# नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालय, वीरगंज

# प्रदेशस्तरिय निबन्ध प्रतियोगिता

## मधेश प्रदेश

नेपाल बीमा प्राधिकण **मधेश** प्रदेश कार्यालयबाट बीमा सचेतना तथा बीमा प्रवर्द्धनको लागि **मधेश** प्रदेश भित्र प्रदेश स्तरीय निबन्ध प्रतियोगिता सञ्चालन हुन गइरहेको जानकारी गराउदछौ । उक्त निबन्ध प्रतियोगितामा भाग लिन इच्छुक विद्यार्थीले तोकिएको शिर्षकमा उल्लेखित नियमहरुको अधिनमा रही आफ्नो निबन्ध नेपाल बीमा प्राधिकरण **मधेश** प्रदेश कार्यालयमा पेश गर्न हुन जानकारी गराउदछौ ।

## निबन्धको शिर्षक

### "मधेश प्रदेशको ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा बीमा को भूमिका"
### (Role of Insurance in Strengthening the Rural Economy of Madhesh Pradesh)

## नियमहरु

१. प्रतियोगितमा सहभागी हुने प्रतिस्पर्धी स्नातक तह अध्यनरत रहेको हुनु पर्नेछ । प्रतियोगी **मधेश** प्रदेश भित्रको कलेज तथा विश्वविद्यालयमा अध्ययनरत हुनुपर्नेछ ।

२. लेखनको भाषा नेपाली वा अंग्रजी मध्ये एक हुनु पर्नेछ । नेपाली भाषा भए कोकिला १६ फन्ट साइज र अंग्रेजी भाषा भए Times New Roman १२ फन्ट साइजमा हुनु पर्नेछ ।

३. निबन्ध कम्तीमा १५00 शब्दको हुनु पर्नेछ ।

४. प्रतियोगीताको सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

५. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरणको **मधेश** प्रदेश कार्यालयको मेल आइडी infomp@nia.gov.np मा पेश गर्नुपर्नेछ । निबन्ध पेश गर्दा प्रतियोगिको हालसालै खिचिएको PP Size Photo र अध्ययन गरिरहेको संस्थाको परिचय खुल्ने कार्ड संग्लन गरी पठाउनु पर्नेछ ।

६. पेश हुन आएको निबन्धलाई विषय विज्ञ बाट मूल्याङ्कन गराइने छ । निबन्धको मूल्यांकन मापदण्ड निम्न बमोजिम रहेको छ ।

| क्र.सं | मापदण्ड | गुणांक (%) | विवरण |
|---|---|---|---|
| १ | विषयसँग सम्बन्ध | ४० प्रतिशत | मुख्य विषयबस्तु प्रस्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० प्रतिशत | प्रवाह, सरलता र साहित्य |
| ३ | संरचना | १० प्रतिशत | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० प्रतिशत | मौलिकता र नयाँ विचार |
| ५ | व्याकरण/शुद्धलेखन | १० प्रतिशत | त्रुटिरहित लेखन |

७. उत्कृष्ट तीन निबन्धलाई पुरस्कार स्वरूप करसहित प्रथम रु. १५000 द्वितीय रु. १0000 र तृतीय रु. ५000 का दरले प्रमाणपत्र सहित उपलब्ध गराइनेछ ।

८. पुरस्कार रकममा लाग्ने कर रकम कट्टा गरी प्रदान गरिनेछ ।

९. माथि उल्लेखित शर्तहरु पुरा नभएमा निबन्ध प्रतियोगितामा समावेश गरिनेछैन ।

१०. प्राप्त निबन्धहरुको सर्वाधिकार (Copyright) प्राधिकरणमा निहित हुनेछ र ती निबन्धहरुलाई व्यावसायिक प्रयोजन बाहेकका आफ्ना कुनै पनि प्रकाशन वा गतिविधिमा उपयोग गर्न सक्नेछ ।

११. प्राधिकरणबाट सञ्चालित यस अघिका निबन्ध प्रतियोगितामा विजयी प्रतियोगीहरुले यस प्रतियोगितामा सहभागी हुन पाउने छैन ।

१२. प्रतियोगितामा सहभागीहरुले मिति २०८२ साल चैत्र २७ गते भित्र निवेदन दिन सक्नेछ ।

१३. निबन्ध सञ्चालन उप समितिको निर्णय नै निवन्ध सम्बन्धी अन्तिम निर्णय हुनेछ ।

Scan


**नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालय**

वीरगंज महानगरपालिका, पर्सा

051-591062/63, 9855012441 | E-mail: infomp@nia.gov.np | Website: www.nia.gov.np

Facebook/Youtube/Linked In: Nepal Insurance Authority

# नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालय,वीरगंज

## बीमा सम्बन्धी प्रदेश स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी सूचना

**सूचना प्रकाश मिति: २०८२/११/१३**

नेपाल बीमा प्राधिकरण, **मधेश** प्रदेश कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विद्यार्थी तथा सर्वसाधारणमा बीमाको महत्व बुझाउने उद्देश्यले **"प्रदेश स्तरीय बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२"** आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले **४५ दिन** भित्र विद्यालयको पत्र मार्फत मनोनयन गरिएका तीन(३)जना विद्यार्थीको नाम, समूहको नेतृत्वकर्ताको नाम र विद्यालयको विद्यार्थी परिचय खुल्ने कागजात सहित नेपाल बीमा प्राधिकरणको इमेलमा पठाउनहुन अनुरोध गरिन्छ ।

**कार्यक्रमको नाम: प्रदेश स्तरीय बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२**

**सहभागी हुन पाउने** : मधेश प्रदेश भित्रका १०+२ मा अध्ययनरत विद्यार्थी र एउटा विद्यालयको एउटा मात्र समूह हुनुपर्ने।
**प्रतियोगिताको नियम** : प्रचलित मान्यता बमोजिम हुनेछ।

**प्रतियोगिताको विषयवस्तुहरू:**

| विषयहरू | अङ्कभार |
|---|---|
| नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी। | १० प्रतिशत |
| बीमा व्यवसाय सम्बन्धी जानकारी(जीवन बीमा, निर्जीवन बीमा, पुर्नबीमा र लघुबीमा) | ५० प्रतिशत |
| बीमा सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी सामान्य जानकारी | १० प्रतिशत |
| बीमा र अर्थतन्त्र | २० प्रतिशत |
| बीमाका अन्तर्राष्ट्रिय अभ्यास | १० प्रतिशत |

**इमेल ठेगाना:** infomp@nia.gov.np
**सहभागीताको लागि आवेदन दिने अन्तिम मिति: २०८२/१२/२७ गते बेलुकी ५ बजे सम्म।**

**पुरस्कारको व्यवस्था:**

प्रथम पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. २०,०००/-
द्वितीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १५,०००/-
तृतीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १०,०००/-

थप जानकारीका लागि नेपाल बीमा प्राधिकरण,मधेश प्रदेश कार्यालय,वीरगंज,पर्सा सम्पर्क नं. ०५१-५९१०६२/६३ सम्पर्क गर्न तथा कार्यालयको बेबसाइट। www.nia.gov.np हेर्न अनुरोध गरिन्छ ।

पनश्च: उक्त प्रतियोगिता सम्बन्धी अन्तिम निर्णयको अधिकार नेपाल बीमा प्राधिकरण,मधेश प्रदेश हाजिरी जवाफ उपसमितिलाई हुनेछ ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालय
वीरगंज महानगरपालिका, पर्सा
Scan
051-591062/63, 9855012441 | E-mail: infomp@nia.gov.np | Website: www.nia.gov.np
Facebook/Youtube/Linked In: Nepal Insurance Authority